‘अब गणतन्त्र भो, अब जनता नै मालिक हुने दिन आयो। जनता कै छोराछोरी राष्ट्रपती हुने भो भनेर लाखौं जनता सडकमा आउनु पर्थ्यो।‘

-पद्मरत्न तुलाधर

मानव अधिकारवादी, भाषिक तथा आदिवासी जनजाति आन्दोलनका शिखर व्यक्तित्वको नाम हो - **पद्मरत्न तुलाधर** ।

उहाँ पञ्चायतकालमा भाषिक आन्दोलनको क्रममा समातिनु भयो र जेल पर्नुभयो । त्यसो त २०१३ सालदेखि नै भाषिक आन्दोलनमा अघि बढिसक्नु भएको थियो । पद्मोदय हाईस्कूलमा अध्ययनको क्रममा अन्तर हाईस्कुल स्तरीय भाषा, साहित्य सम्मेलनको आयोजना गर्दै भाषिक आन्दोलनको सशक्त प्रारम्भ गर्नुभएको थियो ।

उहाँको नेपाल (नेवारी) भाषामा ‘बुलुमी’ निबन्ध संग्रह, ‘आः जित न तन्तम् दइवल’ र ‘ख्या बच्छि निई बच्छि’ नामक हाँस्यव्यङ्ग्य र ‘हसिना’ नामक उपन्यास प्रकाशित छन् ।

२०१५ सालमा सम्पन्न पहिलो संसदीय चुनाव ताका पुष्पलाल श्रेष्ठको भाषणबाट अत्यन्तै प्रभावित भई वामपन्थी बनेका थिए । ‘ तर म कहिल्यै कुनै पार्टीको सदस्य बनिन’ उहाँको कथन छ । तर भाषिक आन्दोलनका विभिन्न मोडहरूमा पटक-पटक जेल पर्दै आउनुभएका तुलाधर २०३७ सालमा पुष्पलाल स्मृति दिवसका दिन खुलामञ्चमा आयोजित सभालाई सम्बोधन गर्ने क्रममा उनलाई ‘राजामाथि आक्षेप’ लगाएको भन्दै गिरफ्तार गरियो । यसरी नै थुप्रैपटक जेल जाने आउने क्रममा थुप्रै वामपन्थी नेताहरूसँग भेटघाट र मित्रता बढ्दै गयो । उहाँले ‘राजबन्दी विमोचन समिति’ गठन गर्नुभयो र आफै अध्यक्ष भएर यसलाई सञ्चालन गर्न थाल्नुभयो । त्यस समिति मार्फत जेलमा रहेका कमरेडहरूलाई खानेकुरा, पत्रपत्रिका, पुस्तक पुऱ्याउने, चिट्ठी आदान-प्रदान गर्ने काम गर्दथ्यो र राजबन्दीहरूलाई रिहा गर्न विभिन्न व्यक्तिहरूलाई दबाब दिने काम पनि गर्दथ्यो ।

यही क्रममै काठमाडौंमा लोकप्रिय बन्दै जानु भएका पद्मरत्न तुलाधर २०४३ सालमा जनपक्षीय तर्फबाट राष्ट्रिय पञ्चायतका सदस्यमा अत्यधिक मतले विजय हुनुभयो र २०४६ सालमा प्रजातन्त्रको बहाली पछि ०४८ सालमा काठमाडौं क्षेत्र नं. ३ बाट र ०५१ सालमा काठमाडौं क्षेत्र नं. ४ बाट विजयी भई स्वास्थ्य तथा श्रममन्त्री समेत हुनुभयो ।

अहिले मानव अधिकार संरक्षण मञ्च र मानव अधिकार प्रबर्द्धन केन्द्रका अध्यक्ष रहनु भएका छ तुलाधर थुप्रै संघ-संस्थामा सल्लाहकार तथा संरक्षकको भूमिकामा रहनु भएको छ । यसरी अत्यन्तै सक्रिय र सशक्त भूमिका निभाउँदै मानव अधिकार, लोकतन्त्र, भाषा, आदिवासी जनजाति आदिको लागि सम्पूर्ण जीवन समर्पण गर्नुहुने चर्चित व्यक्तित्व

**मानबधिकार बादी, भाषिक तथा आदिबासी आन्दोलनका नेता** पद्म रत्न **तुलाधरसँग** हाम्रा काठमाडौं स्थित सम्पादन सहकर्मी खगेन्द्र माखिमले यो साता आजकोआवाज डट कमका लागि लिनु भएको बिशेष अन्तर्वाता:

आजकोआवाज डट कम: **पुस १३, २०६४ को सरकारको निर्णय र संसदले गरेको अनुमोदनले के नेपालमा अबदेखि जनताका छोराछोरीहरूले राष्ट्रपति हुने बाटो खुलेको हो ?**

पद्मरत्न तुलाधर:-अन्तरिम संविधानमा चाहिं संघीय लोकतान्त्रिक गणतन्त्र हुनेछ भनेर लेख्यो । हुनेछ भन्दा दुईवटा अर्थ हुन्छ– एउटा आज हुनेछ भन्ने कुरा र अर्को भोलि हुनेछ भन्ने कुरा । आजदेखि हुनेछ भन्नेमा त्यो देखिन्छ । अब एक किसिमले गणतन्त्रको संवैधानिक घोषणा भयो । त्यसलाई ठूलो उपलब्धी भन्नु पर्दछ । राजतन्त्रको पतन भो गणतन्त्रको संस्थागत गर्ने काम भो । तर एकजना मान्छेले पनि त्यसको उत्सव मनाएको पाइएन । जनयुद्धको उपलब्धी ठान्ने पार्टी माओवादी समेत पनि आउन सकेन । त्यसको अर्थ के हो ? यदि जनताले बुझेको भए संविधानमा गणतन्त्र भनेर लेख्यो अबदेखि नेपाल संवैधानिक रुपमा गणतान्त्रिक देश भइसक्यो– खाली कार्यान्वयन हुन मात्र बाँकी । त्यो भनेको चाहिं ज्ञानेन्द्रले नारायणहिटी खाली गर्नु मात्र बाँकी अथवा राष्ट्रपतिको घोषणा वा त्यसको लागि चुनाव हुन मात्र बाँकी भन्ने बुझिन्छ । तर त्यो अर्थ सरकारले बुझाइदिएको भए जनता लाखौंको संख्यामा सडकमा उत्रन्थे । हिजो राजतन्त्रको विरुद्ध लाखौं जनता उठेका थिए र त्यही जनताको म्यान्डेट लिएर सात दलले गणतन्त्रलाई संवैधानिक रुपमा संस्थागत गर्ने घोषणा गर्दा एउटा जनता चाहिं सडकमा आउँदैन । यो कस्तो विडम्बना हो ? अनि यो सात पार्टीलाई के भन्ने ? त्यसकारण यी दलहरूमाथि अविश्वास अहिले पनि कायम रह्यो । किनभने उनीहरूमै आत्मविश्वास नहुनुको एउटा प्रमाण देखियो ।

यी सात पार्टीहरूमा आत्मविश्वास भएको भए उत्सव मनाउँथे, कार्यक्रम गर्न सक्थे । यसरी उनीहरू आफैमा आत्मविश्वास नभए पछि जनतालाई कसरी विश्वास दिलाओस् ? त्यसकारण यो अत्यन्तै गम्भीर कुरा हो ? सात पार्टीले आ-आफ्नै प्रेस विज्ञप्ती दिएर ऐतिहासिक घटना भनेर भने त्यो नै उत्सव हो भने मेरो भन्नु केही छैन । सयौं वर्ष पछि नेपालमा

सामन्तवादको अन्त्य भो, सामान्तवादको प्रतिकको रुपमा रहेको राजतन्त्रको अन्त्य भो । **अब गणतन्त्र भो, अब जनता नै मालिक हुने दिन आयो । जनताकै छोराछोरी राष्ट्रपति हुने भो भनेर लाखौं जनता सडकमा आउनु पर्थ्यो । त्यो त देखिएन । त्यसकारण कमजोरी भनेको नेताको मात्रै होइन जनताले पनि यो कुरा बुझेको भए हामी जनताकै बलमा यो घोषणा भयो भनेर हामी पनि उत्सव मनाउँछौं भनेर सडकमा आउनु पर्थ्यो तर कोही आएनन् तर अंग्रेजी नयाँ वर्षको चाहिं व्यापक उत्सव टि.भी. मार्फत देख्न पाइयो । युवा, विद्यार्थीहरू रातभर गणतन्त्रका कुरा बिर्सेर नयाँ वर्षको उत्सवमा रमाइरहेको देख्दा यो देशको अवस्था र गणतन्त्रबारे राजनीतिक निर्णयलाई अझै पनि व्यापक चिन्ताको विषयको रुपमा रहेको देखिन्छ ।**

आजकोआवाज डट कम: **त्यस्तो भए जेठ ४ को ऐतिहासिक घोषणासँगै गणतन्त्रको कार्यान्वियन हुँदै आएको नेपालमा पुस १३ गतेको निर्णयले के त्यो कार्यान्वयनलाई रोकिएको हो ?**

पद्मरत्न तुलाधरः-विगतका कार्यान्वयनहरू त यथावत रह्यो । अहिले राजालाई कुनै पनि अधिकार छैन । त्यो त स्थापित भइसक्यो । राजा निलम्बित भन्यो । निलम्बित अवस्था मै छ । राजालाई राजनैतिक, प्रशासनिक मात्र होइन, सांस्कृतिक, रोल पनि गर्न दिएका छैनन् । कार्यान्वयन जे जति भएका छन् ती त जारी रहन्छन् । यो पुस १३ को निर्णय त गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट कार्यान्वयन गर्ने भनेको छन् । त्यो त राजालाई नारायणहिटीबाट हटाउने, राजतन्त्र रहेन अब गणतन्त्र स्थापित गर्ने भनी त्यसको अन्तिम रुप दिने मात्रै हो । संघीय गणतन्त्रको लागि के के गर्नुपर्छ ? ती काम गर्ने र अवशेषको रुपमा रहेको राजतन्त्रलाई पूर्ण रुपमा हटाउने । अहिले त बजेटहरूमा केही होला र खास गरिकन दरवार खाली गराई राजालाई हटाउने भन्ने नै बुझिएको हो ।

आजकोआवाज डट कम: **पुस १३ को निर्णय फेरि सरकारले आम जनतामा कुनै सम्बोधन नगर्नु, कुनै खुशीयाली, उत्सवहरू नहुनुले घुमाउरो पारामा राजतन्त्रलाई हटाउनुको साटो भित्री रुपमा मजबुत र संस्थागत गर्ने चाल त होइन ?**

पद्मरत्न तुलाधरः-शंका गर्ने ठाउँ रह्यो । हुनुपर्ने काम नहुँदाखेरी उनीहरुले २३ बुँदे सहमति गरी आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएका छन् । संविधानसभाको चुनाव नहुने हो भने त राजतन्त्र हटाउने र गणतन्त्रको स्थापना गर्ने कार्य नै नहुने भो । त्यसकारण संविधानमा लेख्ने अनि कार्यान्वयन चाहिं अनिश्चित हुँदै गएमा अहिलेको स्थितिभन्दा देश झन अन्योलको अवस्थामा जान्छ । र अब सात पार्टीलाई चाहिं राजतन्त्र नै बचाउन खोजेको भन्ने आधार राजनैतिक रुपमा भन्दा कमी कमजोरी औंल्याउन सकिने भो तर उद्देश्य त्यतातिरै उन्मुख भन्नु मिल्ने देखिंदैन तर यिनीहरू असफल भए भने त्यो स्थिति आउन सक्छ । यदि संविधानसभा नहुने स्थिति अब पुनः भयो भने त्यसले ल्याउन सक्ने खतराको जिम्मेवारी सात पार्टीले लिनुपर्छ । त्यो अर्थमा चाहिं आक्षेप, आरोप गर्न सकिने भो तर उनीहरूले नियतबस नै राजतन्त्रलाई जोगाउन खोजेको भन्ने अरु किसिमले भन्न मिलिराखेको छैन ।

आजकोआवाज डट कम: **आदिवासी जनजाति, मधेसी, दलित आदिले पूर्ण समानुपातिक माग गरिहेका छन् किन चाहियो पूर्ण समानुपातिक ?**

पद्मरत्न तुलाधरः-किन चाहियो भन्ने कुरा प्रष्ट छ । नेपाल विभिन्न जातजाति, भाषाभाषि क्षेत्र रहेको, धेरै युगदेखि नै हामीमाथि उत्पीडन, विभेद छ । अहिले समावेशी लोकतन्त्र भनेपछि हामीले पनि समावेश हुन पाउनु पर्छ । समानुपातिक भनेपछि जनसंख्याको आारमा हामी पनि पर्छौं । गुरुङको कति छ ? मधेसीको कति हो त्यसको आधारमा हाम्रो पनि प्रतिनिधित्व हुनुपर्छ अनि मात्र समावेशी लोकतन्त्र हुनसक्छ । हामी पनि सहभागी हुनु पाउनु पर्छ भनेर हामी पनि उठ्नु पर्थ्यो । त्यही सिद्धान्त अनुसार समानुपातिक चाहिएको हो । समानुपातिक पनि विभिन्न हुँदो रहेछ । जस्तै मिश्रित समानुपातिक, पूर्ण समानुपातिक विभिन्न छ । यसमा धेरैलाई भ्रम छ जस्तै मैले भने नि इन्डियामा first pass the post पाकिस्तानमा, श्रीलंकामा त्यही । अमेरिकामा त्यही, बेलायतमा त्यही भएपछि अधिकांशलाई त्यही मात्र थाहा थियो । समानुपातिक त थाहा थिएन । पार्टीलाई मात्र भोट दिने अनि पार्टीले मान्छे पठाउने । व्यक्ति चुन्नै नपर्ने भन्ने त थाहा थिएन । त्यसकारण जनतामा पनि समानुपातिक भनेर लहर उठ्न सकने । संसारमा चाहिं अधिकांश फेरि समानुपातिक चुनाव पद्दती छ । दोस्रोको मात्र first pass the post हो र तेस्रोमा मात्र मिश्रित समानुपातिक हो । तर नेताहरूमध्येलाई पनि धेरैलाई थाहा छैन । किनभने नेपाल शुरुदेखि नै जति पनि चुनाव भा'छ सबै first pass the post छ । र छिमेकमा पनि त्यही हुने गर्छ र धेरैले थाहा पाउने मुलुक अमेरिका, बेलायत, भारत जम्मैमा त्यही प्रणाली अनि हाम्रोमा पनि त्यही प्रणाली हुँदै आयो ।

आजकोआवाज डट कम: **अब बहुसंख्यक आदिवासी जनजाति, मधेसी, दलित, महिला र अल्पसंखयक आदिले माग गरेको संविधानसभाको लागि पूर्ण समानुपातिक निर्वाचन प्रणाली अब नहुने नै भयो होइन त ?**

पद्मरत्न तुलाधरः-पूर्ण समानुपातिक भएन भन्ने कुरामा चाहिं अब हामीले मिश्रित समानुपातिकसम्म चाहिं भयो भनेर स्वीकार गर्नुपर्छ । हामी पूर्ण समानुपातिक चुनाव प्रणालीको पक्षमा छौं त्यो भएन तर मिश्रित समानुपातिक त भएको छ । ५८% समानुपातिक र ४२% एकात्मक भएको छ । त्यसकारण समानुपातिकै चाहिं नभएको होइन । पूर्ण समानुपातिक हुनुपर्नेमा मिश्रित समानुपातिक भयो । त्यसमा पहिलेको भन्दा केही प्रतिशत थपियो । सबैतिरको आन्दोलन दबाबका कारण ५० प्रतिशतबाट ५८ मा पुग्यो । समानुपातिक र first pass the post प्रणाली घटेर ४२ प्रतिशतमा झऱ्यो । यसलाई सानैमा

पनि उपलब्धी ठान्नु पर्दछ । अर्को त विकल्पै थिएन कि आन्दोलन नै जबरजस्त घोषणा गरेर संविधानसभा भए पनि नभएपनि होस् भनेर वा गणतन्त्र पनि आओस्-नआओस् चुनाव प्रणाली नै फेर्नु पर्छ भनेर जान सक्नु पर्‍यो तर त्यो पनि स्थिति बन्न सकने । बनेको भए त सबै आन्दोलनमै जान्थ्यो । त्यसमा हामी पनि कमजोर रह्यौं हामीले पनि यो आन्दोलनलाई सशक्त बनाउन सकेनौं । र तत्काल देश व्यापी रुपमा आन्दोलन गरी पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा फर्कने स्थिति अहिले देखिंदैन ।

आजकोआवाज डट कमः**सात दलभन्दा बाहिर रहेका आन्दोलनरत राजनीतिक संगठनहरू संविधानसभाको निर्वाचन अगावै जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा लिम्बूवान, खम्बूवान, तामाङसालिङ, थरुहट, मधेस, नेवा मण्डल, मगरात आदि स्वायत्त राज्यहरूको सुनिश्चित हुनुपर्ने माग राखिरहेका छन् नि ?**

पद्मरत्न तुलाधरः-यो अर्को कन्ट्रोभर्सियल कुरो हो । संविधानसभा भनेको सार्वभौम नेपाली जनताले आफ्नो देशको संविधान आफैले बनाउने, सबैभन्दा सार्वभौम, सबैभन्दा सर्वोच्च निकाय हो । यो सात दलसित आन्दोलनको म्यान्डेट त छ तर इलेक्टेड त कोही पनि होइन । गणतन्त्रको घोषणा गर्दा त यत्रो आलोचना भइरहेको छ । त्यसकारण संविधानसभाले नै तय गर्ने, त्यहाँ सार्वभौम जनताका प्रतिनिधि हुन्छन् ।

संघीयता भन्यौं तर कस्तो खाले संघीयता ? कस्ता-कस्ता स्वायत्तताहरू राख्ने ? त्यो अधिकार त सार्वभौम संविधानसभालाई हुनुपर्‍यो नि । अथवा अहिले नै तय गरिए पनि संविधानसभालाई मान्य हुन्छ हुँदैन । कसैले नौवटा, कसैले १३ वटा, मधेसमा एक स्वायत्त प्रदेश आदि थुप्रै छन् । यदि सात दलको सरकारले सबै ती कार्य गर्ने जो इलेक्टेड पनि होइन । जो सार्वभौम जनताको प्रतिनिधि भएर आउने संविधानसभाका प्रतिनिधिले अहिलेको सरकारले जे-जे गर्‍यो छ त्यसमा सहीछाप मात्रै गर्ने हो भने त्यो संविधानसभाको के अर्थ रह्यो ?

आजकोआवाज डट कमः **अहिलेको सात दलीय गठबन्धनको सरकारले लिम्बूवान, खम्बूवान, मगरात, थरुहट आदि राज्यको घोषणा गर्ने प्रस्ताव पास गरेमा त्यसको वैधानिकता हुन्छ कि हुँदैन ?**

पद्मरत्न तुलाधरः-वैधानिकता हुँदैन मेरो विचारमा । किनभने हामीले खोजे अनुसारको प्राप्त हुँदैन । भए पनि त्यसलाई संविधानसभामा अनुमोदन गराउन लगातार आन्दोलन गर्नु पर्दछ । त्यसरी पहिलेको निर्णय संविधानसभामा अनुमोदन गर्नु भनेको संविधानसभाको सिद्धान्त विपरित कुरा हो ।

आजकोआवाज डट कमः **अब हुने संविधानसभालाई आमूल परिवर्तनको बाहकको रुपमा लिन सकिन्छ कि सकिन्न वा यसलाई कुन रुपमा लिन उचित होला ?**

पद्मरत्न तुलाधरः-संविधानसभालाई नै आमूल परिवर्तनको बाहक भन्नु मिल्दैन । आमुलै कुरा गर्दा खेरी जस्तो अब जबरजस्ती क्रान्ति भएर ती क्रान्तिकारीहरूले मात्रै आमुल परिवर्तन ल्याउन सक्छन् । अहिलेको सम्झौतामा टुंगिएको क्रान्ति भयो । यसरी सम्झौताको परिणामको रुपमा आएको संविधानसभालाई चाहिं आमुल परिवर्तन नै ल्याउन सक्छ भन्ने कुरा भन्न सकिंदैन । यतिखेर त्यही क्रान्ति गर्ने माओवादीको कुरा त मान्य नभएको अवस्थामा हामी माओवादीभन्दा पनि बढी परिवर्तन चाहिरहेका छौं । यो अवस्थामा त झनै सम्भव देखिंदैन । आमुल परिवर्तनको लागि क्रान्ति हुनु नै बाँकी रह्यो । त्यो कहिले भन्ने कुरा समयले बताउँला ।

त्यसकारण अब शान्तिपूर्ण परिवर्तनको मात्रै बाटो रह्यो । शान्तिपूर्ण तरिकाले सामन्ती राजसंस्था ढल्ने भो । आमुल परिवर्तन वा क्रान्तिबाट भएको भए त उहिल्यै राजाले दरबार खाली गर्नु पर्थ्यो । लाखौं जनता उत्रेको भनिएको जनआन्दोलनमा त नारायणहिटी वरपर पनि पुग्न सकेका थिएनन् ।

यो संविधानसभासँगै राजतन्त्रको उन्मुलन त हुन्छ त्यसलाई विचार गर्दा आमुल परिवर्तन नै भएको मान्न सकिन्छ तर त्यसपछि कस्तो खालको गणतन्त्र स्थापना गर्ने भन्ने कुरा चाहिं प्रष्ट हुन सकेको अवस्था छैन । निश्चित भइसकेको अवस्था पनि होइन । भएको मान्न सकिन्छ तर त्यसपछि कस्तो खालको गणतन्त्र स्थापना गर्ने भन्ने कुरा चाहिं प्रष्ट हुन सकेको अवस्था छैन । निश्चित भइसकेको अवस्था पनि होइन ।

आजकोआवाज डट कमः **यो संविधानसभा सम्पन्न भएपछि साँचो अर्थमा जनताले हक अधिकार प्राप्त गर्न सक्लान् ?**

पद्मरत्न तुलाधरः-अहिलेको राजनीति सम्झौताको उपलब्धी भएको कारणले लोकतन्त्र पनि पूर्ण रुपले नहुने र हामी आदिवासी जनजातिले संविधानसभामा भाग लिएर हामी स्वायत्तता पाउन सक्छौं कि सक्दैनौ त्यसैमा हामी संशकित छौं । मैले उदाहरणको रुपमा भन्दै आएको छु– भारतमा सबैले राज्य पाए तर झारखण्डले पाएन । शान्तिपूर्वक संघर्ष गरे र पनि पाएनन् । जब उनीहरूको 'झारखण्ड मुक्ति मोर्चा' भनेर गठन गरेर संघर्षमा उत्रे तब झारखण्ड प्राप्त गरे । त्यस्तै स्वीजरलैण्डमा पनि त्यस्तै घटना छ । पच्चीस वर्ष सशस्त्र संघर्ष गरे पछि अरु सबैले राज्य पा'को तर एक समुदायले पाएनन् । किन पाएनन् भन्दा खेरी नेपालका मधेसीहरूलाई शंका गरेजस्तै उनीहरूलाई फ्रान्ससँग सीमाना जोडिएको ठाउँको, फ्रेन्च भाषा बोल्ने, त्यहाँ उनीहरूले राज्य दिएमा फ्रान्समै गाब्छन् भनेर उनीहरूलाई स्वायत्तता नदिएको रहेछ र उनीहरूले पनि पच्चीस वर्ष लगातार संघर्ष गरेपछि बल्ल स्वायत्त राज्य प्राप्त गरे ।

त्यस्तै नेपालमा पनि शान्तिपूर्ण ढङ्गले जनताले हक अधिकार प्राप्त गर्छन् कि गर्दैनन् केही भन्न सकिएको छैन । त्यसकारण, यो ठूलो कुरा हो । हामी स्वायत्तताको कुरा गर्छौं, आत्मनिर्णयको कुरा गर्छौं, अब केही बाहेक अधिकांश त्यो पक्षमा देखिंदैनन् । लेखकहरू पनि त्यसतै एक दुईजना लागेका छन् । त्यसकारण ठूलो संघर्ष पछि मात्रै प्राप्त हुने भएकोले यो कुरा उठाउँदै संगठित हुँदै जानु पर्दछ । आवश्यक परे हतियार उठाउनु पर्छ, विद्रोह गर्नु भनेको पनि अन्यायको विरुद्ध, उपेक्षाको विरुद्ध, असमानता विभेदको विरुद्ध उठ्नु पनि मानव अधिकार हो ।

**आजकोआवाज डट कमः नेपालको लिम्बूवान, खम्बूवान, तामाङ सालिङ, नेवा मण्डल, थरुहट भनेर उठिरहेको आन्दोलनलाई कसरी हेर्नुभएको छ ?**

पद्मरत्न तुलाधरः-अहिलेसम्मको अवस्थामा हामी कमजोर छौं । धेरै पछि पारियो र धेरैपछि पनि छौं । हामीलाई राज्यसत्ताले पाखा लगायो भन्छौं । झण्डै-झण्डै अहिले पनि हामी पाखामै छौं । त्यसकारण हामी राजनैतिक सवालमा चाहिं सचेत हुनुपर्छ, संवेदनशील हुनुपर्छ होइन भने चाहिं हामी आफ्नो अधिकार प्राप्त गर्न सक्दैनौ । मागेर पाइने होइन खोसेर मात्र पाइन्छ ।

नेवाहरूबीच छुट्टै पार्टी खोल्नुपर्छ कि पर्दैन भनेर बहस प्रारम्भ भएको छ । हामीमा राजनैतिक चेतनाको अभाव भएकोले पार्टी खोल्नेभन्दा खेरी झन्झट भएजस्तो, आतंकित भएजस्तो अराजनैतिक लक्षणहरू देखिन आउँछन् ।

अर्कोतिर राजनैतिक पार्टीहरूले जनताको चाहना अनुरुप कार्य नगरेपछि त्यसमा विद्रोह हुने हो । त्यो त देखियो तर शक्तिको रुपमा देख्न सकिएन । मधेशमा आन्दोलन त उठ्यो तर उल्टै फुट्न थाल्यो । शक्ति झनझन बढेर जानुपर्नेमा शक्ति टुक्रिएर गएपछि कसरी हामी मुक्ति पाउन सक्छौं र ?

राष्ट्रिय स्तरमा वा जातीय स्तरमै पनि त्यो खालको विद्रोह आउन नयाँ पुस्ताका जुझारु नेता, कार्यकर्ता जन्मनुपर्ने देखिन्छ । त्यसको लागि तत्काल पार्टी स्थापना गरी यही संविधानमा केही गर्न सकिन्छ भन्ने होइन, समय लाग्छ । त्यो धैर्यता र सबै जातिमा एकता चाहिन्छ ।

**आजकोआवाज डट कमः नेपालमा बहुसंख्यक आदिवासी जनजातिले धेरैले यहाँलाई चाहँदा-चाहँदै पनि कुनै राजनैतिक नेताको रुपमा नेतृत्व गरेर आउनु भएको छैन । के पार्टीगत रुपमा कुनै निकासमा पुग्न सकिन्न भन्ने हो ?**

पद्मरत्न तुलाधरः-मेरो आफ्नो कमजोरी धेरै छन् । आफ्नो कमजोरी आफैलाई मात्र थाहा हुन्छ । म एक कमजोर व्यक्ति हुँ । म संगठनकर्ता होइन । म राजनैतिक पनि होइन । म कहिल्यै कुनै पार्टी ज्वाइन गरिन । धेरै ठाउँमा रहे पनि कुनै पनि पार्टीसँग सम्बन्धित रहिन । पार्टीले नै सबैकुरा गर्ने हो ।

**आजकोआवाज डट कमः यहाँले २०४८ सालको संसदमा यहाँले नेवारी भाषामा सपथ लिनु भा'थ्यो अहिले आएर मन्त्री मातृका यादवले मैथिलीमा मात्र शपथ लिन्छु भन्दा निकै ठूलो समाचार बन्यो यसमा के भन्न चाहनु हुन्छ ?**

पद्मरत्न तुलाधरः-त्यस ताका म, सिद्धिलाल सिंह लगायतले उता सभामुखले नेपाली खस भाषामा भनिरहँदा हामी आफैले नेपाल भाषामा उल्था गरी पढेका थियौं । अहिले आएर मन्त्री यादवले मैथिली भाषामै मात्रै शपथ लिने जुन अडान राख्नुभयो । त्यसमा उहाँलाई धन्यवाद दिन चाहन्छु । तर जुन रुपमा पत्रपत्रिकामा महत्वका साथ आयो त्यति चाहिं होइन । किनकि संविधानमा नै सबै भाषा राष्ट्र भाषा भनिएको छ । नेपाल बहुभाषिक देश भनेर स्वीकार गरि सकिएको छ ।

त्यसकारण व्यवहार लागू हुन बाँकी कुरा मात्र थियो त्यो ।

**आजकोआवाज डट कमः मधेसी मन्त्री नेता, सांसदहरूले आ-आफ्ना पार्टी परित्याग गरी मधेसी मुक्तिको लागि अघि बढे तर आदिवासी जनजाति मन्त्री, नेता, सांसदहरूलाई के ले रोकेको हो ?**

पद्मरत्न तुलाधरः-रोकेको त आफ्नै कमजोरीले हो । अरु त केहीले रोकेको देखिंदैन र रोक्न सक्ने कुरा पनि आएन । महन्थ ठाकुर जस्तो वरिष्ठ नेताले पार्टी परित्याग गर्नु भो त पार्टी सभापति कोइरालाले त्यसो नगर्नुस् भनेर भनेको पाइएन । त्यस्तै आदिवासी जनजातिहरूलाई पनि गएको भए कसैले रोक्ने थिएन । आफै एकताबद्ध हुन सकेनन् र त्यसो गर्न सकेनन् । गएर के त भन्ने पनि प्रश्न उठको छ । महन्तजी लगायत अरु जाँदा एउटा लहर नै आएको भए केही हुने थियो तर त्यस्तो पनि हुन सकेन । उहाँहरूको त्यो पार्टी परित्यागले अरुलाई छुन सकेको पाइएन । त्यो माहोल आउन पनि सकेन । हामी निस्के पछि सबै मधेसी सांसद निस्केला भन्ने आशा हुन सक्छ तर त्यसो हुन सकेन । तर यसबारे तत्काल टिप्पणी गर्न त मिल्दैन । समय पर्खनु पर्छ ।

**आजकोआवाज डट कमःसात दल चैत भित्र जे जसरी पनि संविधानसभा गराउने भनेर केन्द्रीत भएको छ भने अर्कोतिर आदिवासी जनजाति, मधेसी, दलित, महिला आदि आन्दोलनरत छन् । यस अवस्थामा नेपालको राजनीतिक भविष्य कतातिर जाला ?**

**पद्मरत्न तुलाधरः-**नेपालको राजनीतिक भविष्य एकदमै अनिश्चित छ । त्यसो भन्दैमा निराश हुनुपर्ने पनि छैन । निराश हुनु पटक्कै आवश्यक छैन । अहिलेको तत्कालको अवस्था भन्ने हो भने राजनैतिक पार्टीहरूको जस्तो आदिवासी जनजाति मधेसीहरूको आन्दोलनको गति नै एकदम ढिलो र मन्द गतिको देखिन्छ । क्रान्तिकारी गति हुनुपथ्र्यो आन्दोलनको । यहाँ त आन्दोलनको गति नै हराएको जस्तो देखिन्छ । त्यसले गर्दा अनिश्चित । अर्कोतिर हेर्दा आन्दोलनहरू पनि त्यति सशक्त रुपमा उठ्न नसक्नु त्यसले गर्दा पनि अनिश्चितता देखिन्छ ।

अब हामीले राजनैतिक पार्टीहरूकै निर्णय स्वीकार गरेर जानुपर्ने हो कि धेरै सम्भावना त त्यहीं छ । आन्दोलनमा पनि त्यति सशक्त नभएको कारण पनि देशको भविष्य एकदमै अनिश्चित देखिन्छ । हामीले चाहे जस्तो होला जस्तो छैन ।

January 5, 2008, Kathmandu